# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्क नं.: ९८५७८२४२५३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


## विषयः जीविकोपार्जन सुधार कार्यक्रमको लागि प्रस्ताव आब्हान सम्बन्धी सूचना ।

## ( दोस्रो पटक प्रकाशित मिति २०७९।११।१५ )

प्रस्तुत बिषयमा सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) अन्तर्गत महिला बालबालिका शाखा मार्फत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलयबाट आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि अति विपन्न, एकल, हिंसा पिडित महिला, कृषि बाहेक अन्य कुनै रोजगारी नभएको परिवारका महिला तथा कोभिडबाट प्रभावित महिला समेतको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि यस पालिकामा दर्ता भएका सहकारीहरुले जीविकोपार्जन सुधार कार्यक्रमका लागी कृषि तथा पशुपालन, पर्यटन, गैरकृषि क्षेत्रमा महिलासँग सम्बन्धित रही कार्यक्रम गर्न अनुसूची २ बमेजिमको ढाँचामा प्रस्ताव तयार पारी निम्न विवरण खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कुनै पनि संस्थाको प्रस्ताव नआएको हुँदा पुनःदोस्रो पटक ७ दिने सूचना प्रकाशन गरिएको छ । रितपुर्वक नआएमा र तोकिएका समय भित्र पेश हुन नआएमा सो प्रस्ताव उपर कुनै करबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

<u>आवश्यक कागजातहरु</u>

१) संस्थाको विधान

२) प्रस्तावित व्यवसायको अवधारणा पत्र

३) व्यवसायको क्षेत्र तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण

४) प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

५) अघिल्ला आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

६) अघिल्लो वर्षको लेखा परिक्षण प्रतिवेदन

७) प्रस्तावित संस्थाको योगदान अंश एवं अन्य निकायवाट प्राप्त हुने संभाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण ।

८) कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा पत्र

९) प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक संभाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना प्रस्ताव ।

२०७९/११/१५

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत